रंगेली नगरपालिका
**Rangeli Municipality**
नगरकार्यपालिकाकोकार्यालय
**Office of Municipal Executive**
रंगेली, मोरङ
**Rangeli, Morang**
कोशीप्रदेश, नेपाल Koshi Province, Nepal

## निर्माण सामाग्री खरिद तथा मेसिनरी उपकरण भाडामा लिने कार्यको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति ( २०८१/०३/२० )

यस रंगेली नगरपालिकाको आ.व. ०८१/०८२ का लागि तपशिलमा उल्लेखित निर्माण सामाग्री खरिद तथा मेसिनरी उपकरण भाडामा लिनुपर्ने भएकोले नेपाल सरकारवाट सम्वन्धीत कामको लागि ईजाजत प्राप्त इच्छुक निर्माण व्यवसायी/सप्लायर्सफर्महरुबाट निम्न शर्तको अधिनमा रहि खरिद तथा भाडामा लिनुपर्ने कार्यको लागि रित पुर्वक वोलपत्र (शिलवन्दी) आह्वानको ३० दिने सूचना प्रकाशित गरिएको छ ।

निम्न

१ बोलपत्र फारम खरिद गर्न ईच्छुक निर्माण व्यवसायी, सप्लायर्स सम्वन्धीत फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्र साथ आ.व. ०८०/८१ को नविकरण सहितको मान्यता प्राप्त फर्म वा सप्लायर्सको व्यवसाय दर्ता प्रमाण पत्र, इजाजत प्रमाण पत्र, स्थायी लेखा दर्ता नं. (प्यान नम्बर) एवम आयकर तथा मु.अ. कर दर्ता प्रमाण पत्र (भ्याट दर्ता) तथा ०७९/८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ ।

२ बोलपत्र फारम दस्तुर रु. ३०००।- (फिर्ता नहुने गरि) नगद यस कार्यालयको कृषि विकाश बैंक शाखा रंगेलीमा रहेको राजश्व खाता नं. ग.१.१-०६०१४०११५०२५७०११ मा जम्मा गरि जम्मा गरेको वैंक भौचर सहितको निवेदन प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र कार्यालय समय भित्र नगरपालिकाको नाममा सम्वोधन गरी बोलपत्र खरिद गर्न सकिनेछ ।

३ खरिद गरिएको बोलपत्रहरुको सूचना प्रकाशित मितिले ३१ औं दिन दिनको १२:०० बजे भित्र बोलपत्रहरु शिलवन्द गरि यस कार्यालयमा दर्ता गराउनु पर्नेछ र समय सिमा भित्र दर्ता भएका बोलपत्रहरु सोही दिन दिनको २:०० वजे कार्यालयका प्रतिनिधीहरु तथा वोलपत्र दाताका प्रतिनिधीहरुको रोहवरमा बोलपत्र खोलिने छ । बोलपत्रदाताका प्रतिनिधी उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खरिद गर्ने अन्तीम दिन, दर्ता गर्ने अन्तीम दिन सार्वजनिक (सरकारी) विदा परे सोको भोलिपल्ट (कार्यालय खुलेको दिन) नियमानुसारको समयमा बोलपत्र खरिद गर्ने, बोलपत्र दर्ता गर्ने एवम बोलपत्र खोल्ने कार्य हुनेछ ।

४ बोलपत्र सम्वन्धी कागजात दाखिला (दर्ता) गर्दा सूचनामा उल्लेख भएका निर्माण व्यवसायी/सप्लायर्सको प्रमाण पत्रहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

५ बोलपत्र फारम पेश गर्दा वि.ओ.क्यू.मा अंक र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्नेछ । साथै केरमेट भएको स्थानमा सही छाप गर्नुपर्नेछ ।

६ बोलपत्र जमानत (विडवोण्ड) यस कार्यालयको कृषि विकाश बैंक, शाखा रंगेलीमा रहेको ग-३.१ धरौटी खाता नं. ०६०१४०११५०२५७०७९ मा जम्मा गरी जम्मा गरेको बैंक भौचर वा नेपाल राष्ट्र बैंक वाट मान्यता प्राप्त बैंकवाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन म्याद भएको जमानी पत्र समावेश भएको हुनुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

७ कुनैपनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

८ बोलपत्र सम्वन्धी केही कुरा बुझ्नु परेमा यस कार्यालयको मो.नं. ९८५२०६८१११ मा सम्पर्क राख्न सकिनेछ ।

९ बोलपत्र फारम र यस सूचनामा लेखिएका कुराहरुको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका व्यहोराको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम हुने छ ।

| सि. नं. | ठेक्का नं. | विवरण | ल.ई भ्याट बाहेक | बोलपत्र जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | NCB ०१।०८१।८२ | ग्राभेल सप्लाई गर्ने कार्य रंगेली न.पा. को १ देखि ९ नं. वडा मा परिमाण ४००० घन मीटर | १०९५।- प्रती घन मीटर | ८८००० | |
| २. | NCB ०२।०८१।८२ | पानी टंकी सहित सडक रोलिङ ग्रेडिङ गर्ने कार्य परिमाण २५ कि.मी. | ९०००० प्रति कि.मी. | ४५००० | |
| ३. | NCB ०३।०८१।८२ | मेसिनरी उपकरण भाडामा लिने कार्य | | | |
| | (क) | ब्याकहोइ टायर परिमाण १००० घंटा | २१२४ प्रति घण्टा | ४३००० | |
| | (ख) | ट्याक्टर(हाइड्रोलिक) परिमाण १०० दिन | ४८६७ प्रति दिन | १०००० | |
| | (ग$_१$) | चेन स्क्यावेटर परिमाण ५०० घंटा | ३५३७ प्रति घण्टा | ३६००० | |
| | (ग$_२$) | लोवेड (चेनस्क्यावेटर बोक्ने) आते जाते र परिमाण १०० ट्रिप | १०१७७ प्रती ट्रीप (आतेजाते) | २२००० | |

३१९

प्रमुख प्रशासकीय अधिकृत